# सिम्तागांउपालिका
# गांउकार्यपालिकाको कार्यालय
राकम,सुर्खेत
कर्णालीप्रदेश, नेपाल

## आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त ) दरभाउपत्र प्रकाशन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७६/०५/ ३० गते**

यस सिम्ता गउँपालिकाको गाउँसभा बैठकले मिति २०७६/०३/२९ को बैठकको निर्णय अनुसार गाउँपालिकाले तल उल्लेखित आन्तरिक कर अशुली गर्न आ.व. २०७६/०७७ को लागी ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा यो सूचना प्रकाशन गरिएको छ । यस दरभाउ पत्रमा भाग लिन चाहने प्रचलित कानून बमोजिम दर्ता भइ प्रमाणपत्र लिएका इच्छुक ब्यबशायीहरुले दैनिकपत्रिकामा तथा यस कार्यालयको वेवसाइट www.simtamum.gov.npमा पनि हेर्न सक्नुहुने छ । सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्माण व्यावसायीले यस कार्यालयाबाट दरभाउपत्र खरिद गरी तपशिल अनुशारका शर्तको अधिनमा रही निर्धारित अवधि भित्र दरभाउ पत्र पेस गर्न हुन सम्बन्धीत सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

१। आफुले लिन चाहेको ठेक्का र कवुल गरेको ठेक्का रकम स्पस्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहि छाप गरी आफै वा आफ्नो प्रतिनिधिद्वारा ठेक्का नम्बर उल्लेख गरी शिलवन्धीदरभाउपत्र पेश गर्नुपर्ने छ ।

२. उल्लेखित ठेक्काको कर दस्तुरदररेट र सर्तहरु बोलपत्र फारममा संलग्न गरिने छ ।

३. दरभाउ पत्र पेश गर्दा पचास हजार (५०,०००।) मात्र हुन आउने धरौटी रकम यसगाउँ कार्यपालिकाको कार्यालयकोलक्ष्मी बैंक राकम सुर्खेतमा रहेको धरौटी खाता नं.०८०११००२१३० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल रास्ट्र बैंक बाट क बर्गको इजाजत प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको सक्कल बैंक ग्यारेन्टी (विडवण्ड) दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

४. यस कार्यालयको छाप एवं कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको सहिछाप नभएको बोलपत्रलाई मान्यता दिइने छैन साथै म्याद नागी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ ठेक्का अंकको प्रथम किस्ता बापत ४० प्रतिशत रकम अग्रीम आयकर र बाँकी ६० प्रतिशत रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालको नाममा जारी भएको २०७७ साल आसाढ मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी ( परफरसेन्स व्रण्ड ) समेत पेश गरी ठेक्का सम्झौता गर्नुपर्ने छतोकिएको समय भित्र समझौता नगरेमा नियम अनुसार बिडबंड/धरौटी जफत हुनेछ ।

२०७६/०५/३०

जनक बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

६. दरभाउपत्र खोल्ने समयमा बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

७. कबुल अंक एकमुस्ट रुपमा अग्रिम दाखिला गरेमा ५ प्रतिशत रकम छुट दिन सकिने छ।

८. सूचना प्रकाशित भए पश्चात ७ औ दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिने छ र दाखिला गर्ने आन्तिम मिति र समय ८ औ दिनको १२:०० बजे सम्म हुने छ।

९. दरभाउ पत्र गाउँ कार्यपालिकाको कार्यालय, राकम सुर्खेतमा बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० बजे खोलिने छ। दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार गाउँ कार्यपालिकाको कार्यालय निहित रहने छ।

१०. यो सूचना उल्लेखित भएको कुराहरु यसै सूचाना बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकार प्रचलित कानून बमोजिम हुनेछन्।

११. दरभाउ पत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट खरिद तथा दाखिला गर्न सकिने छ।

तपसिल :

| क्र.स. | आय ठेक्का | शिर्षक | न्युनतम ठेक्का अंक मु. अ. कर सहित बार्षिक आ.व. २०७६/०७७ | टेन्डर दस्तुर |
|---|---|---|---|---|
| १. | NCB/ MATERIALS/SRMO/१-०७५/०७६ | सिम्तागाउँपालिका क्षेत्रभित्र पर्ने गिट्टी, बालुवा र माटो बिक्रि उत्खनन् तथा वितरण गर्ने आन्तरिक आय सबन्धी ठेक्का | १९८६९४०।०(अक्षेरूपी उन्नाईस लाख छयासि हजार नौ सय चालिस मात्र) | १,०००। (आक्षेरूपी एकहजार रुपैंया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत